# राष्ट्रिय बीमा कम्पनी लिमिटेड

**(नेपाल सरकारको स्वामित्व प्राप्त)**

**रामशाहपथ, काठमाण्डौं, नेपाल**

## कार्यसम्पादन मूल्याङ्कन बढुवाकालागि दरखास्त फाराम भर्ने सम्वन्धी सूचना

**सूचना नं ०१/०८०/८१**

**(प्रकाशित मितिः २०८१/०१/२१ गते)**

लोक सेवा आयोगबाट प्राप्त सहमति तथा यस कम्पनीको कर्मचारी सेवा शर्त सम्वन्धी विनियमावली, २०७४ (पहिलो संशोधन २०७८ सहित) को विनियम ६ अनुसार कम्पनीमा रिक्त रहेका देहायका पदहरुमा विनियमावलीको विनियम २९ बमोजिंम कार्यसम्पादन मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्न दरखास्त दिने अन्तिम मिति सम्ममा विनियमावलीको विनियम २७ को उपविनियम बमोजिमको योग्यता पूरा भएका कम्पनीमा कार्यरत संभाव्य कर्मचारीहरुबाट कार्यसम्पादन मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्नु पर्ने भएकोले तोकिएको म्यादभित्र दरखास्त फाराम पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। रितपूर्वक पेश नभएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

| क्र.सं. | विज्ञापन नं. | सेवा/समूह,पद | तह | पद संख्या |
|---|---|---|---|---|
| १. | १/२०८०/८१ | प्रशासन, नायव प्रमुख कार्यकारी अधिकृत | ११ | १ |
| २. | २/२०८०/८१ | प्रशासन, मुख्य व्यवस्थापक | १० | ६ |
| ३. | ३/२०८०/८१ | प्रशासन, व्यवस्थापक | ९ | १ |
| ४. | ४/२०८०/८१ | प्रशासन, सह व्यवस्थापक | ८ | २ |
| ५. | ५/२०८०/८१ | प्रशासन, नायव व्यवस्थापक | ७ | १ |
| ६. | ६/२०८०/८१ | प्रशासन, सहायक व्यवस्थापक | ६ | १ |
| ७. | ७/२०८०/८१ | प्रशासन, सहायक "क" | ५ | २ |

| | | |
|---|---|---|
| १. | दरखास्त फाराम पाइने तथा बुझाउने स्थान : | कम्पनी लि.को प्रधान कार्यालय, जनशक्ति व्यवस्थापन विभाग, रामशाहपथ, काठमाण्डौं । दरखास्त फारम यस कम्पनी लि. को website: http//www.rbcl.gov.np बाट Download गर्न सकिनेछ। |
| २. | दरखास्त दस्तुर : | दरखास्त दस्तुर वापत तह ५ को लागि रु.४००/–, तह ६ र ७ को लागि रु.६००/–, तह ८ को लागि रु.८००/–, तह ९ को लागि रु.१,०००/– र तह १० को लागि रु.१,२००/– यस राष्ट्रिय बीमा कम्पनी लिमिटेडको नेपाल बैंक लिमिटेडमा रहेको चल्ती खाता नं.००२००१००५०५१५००००००१ मा जम्मा गरी सोको भौचर दरखास्त फारामका साथ पेश गर्नु पर्नेछ। रकम जम्मा भौचरमा केरमेट नभएको र आवेदकको नाम स्पष्ट उल्लेख भएको हुनुपर्नेछ। |
| ३. | दरखास्त बुझाउने अन्तिम म्याद | मिति २०८१/०२/१० गते। |

**सदस्य सचिव**
**पदपूर्ति समिति**

# राष्ट्रिय बीमा कम्पनी लिमिटेड
(नेपाल सरकारको स्वामित्व प्राप्त)
रामशाहपथ, काठमाण्डौं, नेपाल

## लोक सेवा आयोगबाट लिइने आन्तरिक तथा खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन सम्बन्धी राष्ट्रिय बीमा कम्पनी लिमिटेडको सूचना

**सूचना नं ०२/०८०/८१**

**(प्रकाशित मिति: २०८१/०१/२१ गते)**

लोक सेवा आयोगबाट प्राप्त सहमति तथा यस कम्पनीको कर्मचारी सेवा सर्त सम्वन्धी विनियमावली, २०७४ (पहिलो संशोधन २०७८ सहित) को विनियम ६ बमोजिम आन्तरिक तथा खुला/समावेशी प्रतियोगितात्मक परीक्षाद्धारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पूरा भएका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ । तोकिएको योग्यता पूरा गरेका उम्मेदवारहरुले कम्पनीको अनलाइन दरखास्त प्रणालीबाट (www.rbcl.gov.np/career) आवेदन दिनु पर्ने छ । रीत नपुगी र म्याद नाघी पर्न आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| क्र.सं. | विज्ञापन नम्बर | सेवा/समूह,पद | तह | पदपूर्तिको किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | १/ २०८०/८१ | प्रशासन, सह व्यवस्थापक | ८ | आ.प्र. | १ |
| २. | २/२०८०/८१ | प्रशासन, कानुन अधिकृत | ७ | खुला | १ |
| ३. | ३/ २०८०/८१ | प्रशासन, सहायक व्यवस्थापक | ६ | आ.प. | १ |
| ४. | ४/२०८०/८१ | प्रशासन, सहायक व्यवस्थापक | ६ | खुला | १ |
| ५. | ५/२०८०/८१ | | | मधेसी | १ |
| ६. | ६/२०८०/८१ | | | दलित | १ |
| ७. | ७/ २०८०/८१ | प्रशासन, सहायक "क" | ५ | आ.प्र. | १ |
| ८. | ८/२०८०/८१ | प्रशासन,सहायक "क" | ५ | खुला | १ |
| ९. | ९/२०८०/८१ | | | मधेसी | १ |
| १०. | १०/२०८०/८१ | प्रशासन, सहायक "ख" | ४ | खुला | ३ |
| ११. | ११/२०८०/८१ | | | आ.ज. | १ |
| १२. | १२/२०८०/८१ | कृषि प्राविधिक "ख" | ४ | खुला | १ |

**<u>विज्ञापन सम्बन्धी विशेष सूचना :</u>** सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानुनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिने छ ।

**द्रष्टव्य:**

१. परीक्षाको किसिम : पाठ्यक्रममा तोकिए बमोजिम लिखित, प्रयोगात्मक र अन्तरवार्ता
(लिखित परीक्षाको माध्यम भाषा र किसिम सम्बन्धित पदको पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ ।)

२. लिखित परीक्षाको सञ्चालन लोक सेवा आयोगबाट हुनेछ ।

३. आवश्यक न्यूनतम योग्यता :
**आ.प्र. तर्फको पदका लागि :** विनियमावलीको विनियम २७ बमोजिमको योग्यता पूरा भएको हुनुपर्ने ।
**खुला तर्फको पदका लागि :** विनियमावलीको विनियम १५ बमोजिम

| सेवा/समूह,पद | तह | आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|
| प्रशासन, कानुन अधिकृत | ७ | मान्यताप्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा स्नातकोत्तर तह उतीर्ण गरेको । |
| प्रशासन, सहायक व्यवस्थापक | ६ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, बिज्ञान, कृषि तथा पशु बिज्ञान, तथ्याङ्कशास्त्र, कानून वा सूचना प्रविधि मध्ये कुनै एक बिषयमा कम्तीमा स्नातकोत्तर तह वा चार्टर्ड एकाउण्टेन्सी वा सो सरह उत्तीर्ण गरेको । |
| प्रशासन, सहायक "क" | ५ | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, बिज्ञान, कृषि तथा पशु बिज्ञान, तथ्याङ्कशास्त्र, कानुन, सूचना प्रविधि वा बीमा मध्ये कुनै एक बिषयमा स्नातक तह उत्तीर्ण गरेको । |
| प्रशासन, सहायक "ख" | ४ | मान्यताप्राप्त शिक्षण संस्थाबाट लेखा वा सूचना प्रविधि मूख्य विषय लिई १०+२ वा सो सरह उत्तीर्ण गरेको । |
| कृषि प्राविधिक "ख" | ४ | मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.इ.इ. उत्तीर्ण गरी न्यूनतम १ वर्षे जेटिए (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टि. एस.एल.सी. उर्त्तीण गरी बीमाको क्षेत्रमा कार्य गरेको । |

४. लिखित परीक्षाको मिति र परीक्षा केन्द्र : लिखित परीक्षाको मिति र परीक्षा केन्द्र लोक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

५. दरखास्त दस्तुर : तह-६ र ७ का पदका लागि रु. ८००/- (आठ सय) तह ५ र ४ का पदका लागि रु. ५००/- (पाँच सय) । खुला अन्तर्गत समावेशी समुह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारहरुको हकमा तह-६ वा सो भन्दा माथिल्लो तहको पदका लागि प्रत्येक समूहमा थप रु.३००/- (तीन सय) र तह ४ र ५ का पदका लागि प्रत्येक समूहमा थप रु.२००/- (दुई सय) ।

६. दरखास्त बुझाउने अन्तिम मिति : २०८१/०२/१० गते सम्म र दोव्बर दस्तुर तिरी २०८१/०२/१७ गते सम्म

७. उम्मेदवारको उमेरको हद : दरखास्त दिने अन्तिम मितिसम्म अधिकृत स्तरका लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, सहायक स्तरका लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, तर सबै तहका महिला र अपांग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको, यस कम्पनीमा कार्यरत स्थायी कर्मचारीलाई उल्लेखित उमेरको हद लाग्ने छैन ।

८. दरखास्त दस्तुर बुझाउने विधि : दरखास्त दस्तुर कम्पनीको अनलाइन दरखास्त प्रणाली (Esewa) मार्फत बुझाउनु पर्नेछ ।

९. अपलोड गर्नुपर्ने कागजातहरु : उम्मेदवारले नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता (विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त शैक्षिक योग्यताको हकमा समकक्षता समेत), अनुभव, समावेशी समुह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजातहरु अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF/JPG/PNG Format मा अपलोड गर्नुपर्ने छ । दरखास्तमा उल्लेखित विवरणको सम्बन्धमा उम्मेदरवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।

१०. तलब, सुविधा तथा अन्य सेवाका शर्त : कम्पनीको कर्मचारी सेवा शर्त सम्वन्धी विनियमावली, २०७४ (पहिलो संशोधन २०७८ सहित) बमोजिम हुनेछ ।

११.     ***समावेशी समूहका उम्मेदवारले पेश गर्नु पर्ने  कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः***

क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीका आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ग) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

**१२.   विविधः**

(क) दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम शैक्षिक योग्यता, सेवा अवधि, उमेर, अनुभव पूरा भएको हुनुपर्ने छ । दोब्बर दस्तुरको म्यादलाई यो प्रयोजनका लागि गणना गरिने छैन ।

(ख) कम्पनीद्वारा तोकिएको म्याद भित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ग) विदेशी संस्थाबाट शैक्षिक योग्यताको प्रमाणपत्र प्राप्त गरेका उम्मेदवारहरुले दरखास्त दिने अन्तिम मिति भित्र सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराई सो कागजात स्क्यान गरी निर्धारित स्थानमा अपलोड गर्नुपर्नेछ ।

(घ) उम्मेदवारले खुला तथा समावेशी कुन समुहमा उम्मेदवार हुने हो सो अनिवार्य रुपले खुलाउनु पर्नेछ ।

(ङ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्ने ।

(च) विज्ञापन भएका पदहरुको अद्यावधिक पाठ्यक्रम कम्पनीको वेबसाइट https://www.rbcl.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

(छ) लिखित परीक्षामा आउँदा उम्मेदवारले आफ्नो सक्कल नागरिकता प्रमाणपत्र र कम्पनीको अनलाइन दरखास्त प्रणालीबाट आफैले डाउनलोड गरी प्रवेश पत्र अनिवार्य लिई आउनु पर्नेछ ।

(छ) खुला तर्फको लागि विनियमावलीको नियम १६ बमोजिम अयोग्य नभएको तथा आ.प.कोलागि विनियमावलीको विनियम २७ को २ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**